8th of June

यो आकाशवाणी हो

समाचार अनुशीला शर्माबाट सुन्नुहोस

मुख्य समाचारहरुबाट

- “विकसित भारत निर्माणमा नारी शक्तिको भूमिका निर्णायक” प्रधानमन्त्री मोदी
- आकाशवाणीले आफ्नो सेवा यात्राका 90 वर्ष आज पूरा गर्‍यो
- आयुष्मान भारत डिजिटल मिशन लागू गर्नेमा देशभरमा  पहिलो राज्य बन्यो बिहार
- सिक्किमको छातेनमा फसेका 28 जनालाई राज्य सरकारद्वारा सुरक्षित रूपमा उद्धार
- केन्द्रमा NDA सरकारको 11 वर्षे कार्यकालमा देशको शिक्षा क्षेत्रमा व्यापक परिवर्तन

सेवा, सुशासन र गरिब कल्याणका सिद्धान्तहरूको प्रभाव

सेवा, सुशासन र गरिब कल्याणका सिद्धान्तहरूको प्रभावका कारण, विगत एक दशकमा भारतमा उल्लेखनीय सामाजिक र संरचनात्मक परिवर्तनहरू आएका छन्। आकाशवाणी समाचारले विगत 11 वर्षमा प्रमुख क्षेत्रहरूमा भएका सरकारी पहलहरूबारे एक विशेष श्रङ्खला अन्तर्गत रिपोर्टहरू प्रस्तुत गरिरहेको छ। आजको अङ्कमा सामाजिक रूपान्तरण र समावेशी विकासको यात्रामा नारी शक्तिको भूमिकाबारे चर्चा गरिँदैछ, जहाँ महिलाहरूलाई जीवनका हरेक क्षेत्रमा सशक्त बनाउन ठोस प्रयासहरू भइरहेका छन्।

“विकसित भारत निर्माणमा नारी शक्तिको भूमिका निर्णायक” प्रधानमन्त्री मोदी

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ कि भारतलाई विकसित राष्ट्र बनाउने यात्रामा नारी शक्तिको भूमिका अत्यन्तै परिवर्तनकारी र निर्णायक हुनेछ। यसैले सरकार विगत 11 वर्षदेखि महिलाको नेतृत्व र सशक्तिकरणमा विशेष प्राथमिकता दिँदै आएको छ। राष्ट्रिय जनतान्त्रिक गठबन्धन (एनडीए) सरकारको 11 वर्ष पूरा भएको अवसरमा सामाजिक सञ्जालमार्फत जारी सन्देशमा प्रधानमन्त्री मोदीले विज्ञान, शिक्षा, खेलकुद, स्टार्टअपदेखि सशस्त्र बलसम्म प्रत्येक क्षेत्रमा महिलाहरूले उल्लेखनीय उपलब्धि हासिल गर्दै प्रेरणाको स्रोत बनिरहेको उल्लेख गर्नुभयो। उहाँले स्वच्छ भारत अभियान, जन-धन खातामार्फत वित्तीय समावेशीकरण र स्थानीय स्तरमा महिलाको सशक्तिकरणका सरकारी पहलहरूले महिला विकासमा नयाँ आयाम थपेको बताउनुभयो। प्रधानमन्त्रीले, उज्ज्वला योजनाले लाखौं घरहरूलाई धुवाँमुक्त बनाउन सहयोग पुऱ्याएको र मुद्रा ऋण योजनाले महिलाहरूलाई उद्यमशीलताको मार्गमा अघि बढ्न प्रेरित गरेको उल्लेख गर्नुभयो। प्रधानमन्त्री आवास योजनाअन्तर्गत महिलाको नाममा घरको स्वामित्व सुनिश्चित गरिनुले उनीहरूमा आत्मबल र सुरक्षाको अनुभूति वृद्धि भएको पनि उहाँले स्पष्ट पार्नुभयो।'बेटी बचाओ–बेटी पढाओ' अभियानलाई प्रधानमन्त्रीले बालिकाको संरक्षण तथा सशक्तिकरणतर्फ केन्द्रित एक राष्ट्रिय अभियानको रूपमा परिभाषित गर्नुभयो।

विदेशमन्त्री डा. जयशंकर फ्रान्स, युरोपेली संघ र बेल्जियमको सातदिने भ्रमणमा आज प्रस्थान

विदेशमन्त्री डा. सुब्रह्मण्यम जयशंकर फ्रान्स, युरोपेली संघ (EU) र बेल्जियमको सातदिने आधिकारिक भ्रमणका लागि आज प्रस्थान गर्नुभयो। यस भ्रमणमा उहाँले फ्रान्सका विदेशमन्त्री तथा युरोप मामिलाका मन्त्रीसँग द्विपक्षीय सम्बन्ध विस्तार तथा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मुद्दाहरूमा विस्तृत वार्ता गर्नुहुनेछ। डा. जयशंकरले फ्रान्सका वरिष्ठ राजनीतिक नेताहरू, नीतिनिर्माताहरू तथा संचारमाध्यमका प्रतिनिधिहरूसँग पनि भेटवार्ता गर्ने कार्यक्रम तय गरिएको छ। उहाँले आफ्नो भ्रमणका क्रममा पहिलो पटक आयोजना हुने भूमध्यसागरीय रायसीना संवादमा सहभागिता जनाउनु हुने छ, जसमा विश्वभरका रणनीतिक विशेषज्ञ, नीति निर्माताहरू र कूटनीतिज्ञहरूको सहभागिता रहनेछ।

आकाशवाणीले आज आफ्नो सेवा यात्राका 90 वर्ष पूरा गरेको छ

आकाशवाणीले आज आफ्नो सेवा यात्राका 90 वर्ष पूरा गरेको छ। 8 जुन 1936 तारिखका दिन, भारतीय राजकीय प्रसारण सेवाको नाम परिवर्तन गरी 'आकाशवाणी' राखिएको थियो। यो देशको सांस्कृतिक, सूचना तथा प्रसारणको इतिहासमा एक ऐतिहासिक क्षण थियो ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

आयुष्मान भारत डिजिटल मिशन लागू गर्नेमा बिहार देशभरिमा पहिलो

बिहार आयुष्मान भारत डिजिटल मिशन लागू गर्ने देशभरमा पहिलो राज्य बनेको छ। यसले स्वास्थ्य सेवा प्रणालीलाई डिजिटल रूपमा रूपान्तरण गर्ने राष्ट्रिय अभियानमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। सरकारी स्वास्थ्य सेवा केन्द्रहरूमा अनलाइन ओपीडी दर्ता दर ब्यानब्बै (92) प्रतिशत पुगेको छ भने बिरामी सेवाका लागि क्यूआर कोड स्क्यान प्रयोग गर्ने दरमा पनि बिहार शीर्ष स्थानमा रहेको छ। यस उपलब्धिले कुशल र पहुँचयोग्य जनस्वास्थ्य सेवा प्रदान गर्दै बिहारले एक नयाँ कीर्तिमान स्थापित गरेको छ। राजधानी पटना स्थित कमान तथा नियन्त्रण केन्द्रले यस परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेको छ। उक्त केन्द्रबाट सबै जिल्ला अस्पताल तथा स्वास्थ्य केन्द्रहरूको वास्तविक समय (real-time) मा निगरानी गरिन्छ, जसले निगरानी प्रक्रिया प्रभावकारी बनाउनुका साथै सबै तहमा कामकाजलाई व्यवस्थित बनाएको छ। राज्य स्वास्थ्य समिति (State Health Society) का प्रशासनिक अधिकारी राजेश कुमारले आकाशवाणीसँगको कुराकानीमा बताएअनुसार, यो केन्द्र समन्वयकको भूमिकामा कार्यरत छ र देशभरिका जिल्ला अस्पताल तथा विशेष नवजात शिशु स्याहार इकाइहरूको निगरानी गरिरहेको छ।

उहाँले आगामी दिनहरूमा यो प्रणालीमार्फत 25 हजारभन्दा बढी अस्पतालहरूलाई जोड्ने लक्ष्य रहेको जानकारी दिनुभयो।

सिक्किमको चाटेनमा फसेका सबै 28 जनालाई राज्य सरकारद्वारा सुरक्षित रूपमा उद्धार

सिक्किमको छातेनमा फसेका अढचालीस् जनालाई राज्य सरकारद्वारा सुरक्षित रूपमा उद्धार गरिएको छ। उद्धार गरिएका व्यक्तिहरूमा तीन जना नाबालकसहित स्थानीय बासिन्दा, पर्यटक, ट्याक्सी चालक र सरकारी कर्मचारीहरू, सेनोका जवानहरु रहेका छन् । सबैलाई सुरक्षित रूपमा पाकयोंग ग्रीनफिल्ड विमानस्थलमा पुऱ्याइएको छ।

केन्द्रमा NDA सरकारको 11 वर्षे कार्यकालमा देशको शिक्षा क्षेत्रमा व्यापक परिवर्तन

केन्द्रमा राष्ट्रिय जनतान्त्रिक गठबन्धन सरकारको 11 वर्षे कार्यकालमा देशको शिक्षा क्षेत्रमा व्यापक परिवर्तनहरू भएका छन्। राष्ट्रिय शिक्षा नीति, पीएम स्कूल्स फर राइजिङ इन्डिया, सर्व शिक्षा अभियान तथा पीएम-ईविद्या जस्ता अग्रगामी पहलहरूले शैक्षिक पाठ्यक्रमलाई नयाँ स्वरूप प्रदान गरेका छन्। दिल्ली विश्वविद्यालयका कुलपति योगेश सिंहले आकाशवाणी समाचारसँग कुरा गर्दै बताउनुभयो कि राष्ट्रिय शिक्षा नीतिका माध्यमबाट शिक्षा प्रणालीमा थुप्रै सुधारहरू गरिएको छ। मुख्य विषयहरूका साथसाथै अब कौसल विकास र मूल्य अभिवृद्धि पनि पाठ्यक्रममा समावेश गरिएको छ। उहाँले भन्नु भयो कि कक्षामा मौलिकता, रचनात्मकता, नवीनता तथा प्रभावशीलता कायम राख्नु आजको युगको आवश्यकता हो।

अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

- “विकसित भारत निर्माणमा नारी शक्तिको भूमिका निर्णायक” प्रधानमन्त्री मोदी
- आकाशवाणीले आफ्नो सेवा यात्राका 90 वर्ष आज पूरा गर्‍यो
- आयुष्मान भारत डिजिटल मिशन लागू गर्नेमा देशभरमा पहिलो राज्य बन्यो बिहार
- सिक्किमको छातेनमा फसेका 28 जनालाई राज्य सरकारद्वारा सुरक्षित रूपमा उद्धार, अनि
- केन्द्रमा NDA सरकारको 11 वर्षे कार्यकालमा देशको शिक्षा क्षेत्रमा व्यापक परिवर्तन